राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २३, पुस १८ गते शुक्रबार, २०८२ (2 January, 2026) | www.janajibro.com | मूल्य रु. १०।-

# आत्मसमीक्षा गर्न सबै बाध्य : प्रचण्ड

## विद्यमान समस्याहरूको निकास निकाल्दै निर्धारित समयमा चुनाव सम्पन्न गर्नु अपरिहार्य

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले वर्तमान राजनीतिक अवस्थाबाट निकास निकाल्न तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्नु अपरिहार्य रहेको धारणा व्यक्त गरेका छन् । नेपाल उद्योग वाणिज्य महासंघद्वारा बुधबार राजधानी काठमाडौंमा आयोजित 'शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्यः सामूहिक पहल' कार्यक्रमलाई सम्बोधन गर्दै संयोजक दाहालले निर्वाचनमार्फत नयाँ जनादेश प्राप्त गरी आगामी फागुन २१ का लागि तोकिएकै चुनाव




सम्पन्न गरेर नयाँ संसद स्थापना गर्नुपर्ने बताएका हुन् । 'शान्ति, स्थायित्व र समृद्धिका लागि निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरेर नयाँ संसद स्थापना गर्नुपर्छ । नयाँ संसदले संविधानमा रहेका अन्योलता हताउने काम गर्नेछ' पूर्वप्रधानमन्त्री समेत रहेका संयोजक दाहालले भने । पछिल्ला राजनीतिक घटना र 'जेन-जी' आन्दोलनले पुरानो राजनीतिक सोच र स्थापित शक्तिलाई आत्मसमीक्षा गर्न बाध्य पारेको उनको धारणा थियो ।

'हामीले आफ्नै आत्मसमीक्षा गरेर कमजोरी कहाँ भयो भनेर खोज्नुपर्छ । स्थापित शक्तिहरू अब नागरिकको आवश्यकतालाई केन्द्रमा राखेर अघि बढ्ने वा आफ्नो औचित्य सकियो भनेर पाखा लाग्ने मोडमा पुगेका छन्' संयोजक दाहालको भनाइ थियो । उनले राजनीतिक दलका नेतृत्व तहले आफ्ना कमीकमजोरी पहिचान गरी सुधारतर्फ उन्मुख हुनुपर्नेमा जोड दिए ।

चुनावलाई राजनीतिक प्रतिस्पर्धा मात्र नभई राष्ट्रिय सहमति निर्माण गर्ने

क्रमशः अन्तिम पृष्ठमा

## राष्ट्रियसभा र प्रतिनिधिसभामा गठबन्धन वा मोर्चाबन्दी

# एमाले–कांग्रेस वा एमाले–नेकपा ?

**काठमाडौं ।** भदौ २३ र २४ मा भएको 'जेन-जी' प्रदर्शनपछि विकसित घटना क्रमसँगै नेपाली राजनीतिकमा आफूलाई वैकल्पिक शक्ति दावी गर्दै आएकामध्ये तीन समूह रास्वपा, काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह 'बालेन' र कुलमान घिसिङको उज्यालो नेपालले एकता गरेसँगै ठूला दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले आगामी फागुन २१ मा तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तालमेल गरेर जाने गाईंगुईं चुलिएको छ ।

कांग्रेससँग गठबन्ध गरी गत वर्ष असार १७ मा प्रधानमन्त्री बनेका एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच भएको चुनावी तालमेलबारे भएको छलफलले आकार लिन नसके पनि अध्यक्ष ओलीले तत्कालीन सातबुँदे सहमतिबाट पार्टी पछि नहटेको भन्दै चुनावमा सहकार्य गर्न देउवालाई प्रस्ताव गरेको नेताहरूले बताएका हुन् ।

एमालेबाट आगामी माघ ११ मा हुने राष्ट्रिय सभा र फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा मिलेर जाने प्रस्ताव आएको कांग्रेस नेताहरूले दावी गरेका छन् । सो विषयमा दुई शीर्ष नेताबीच छलफल चलिरहेको ती नेताहरूको दावी छ । राष्ट्रिय सभा निर्वाचनमा गठबन्धन गर्नेबारे नेतृत्वबीच छलफल चलिरहेको जानकारी दिँदै कांग्रेस नेता प्रकाशशरण महतले त्यसका लागि एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सँग समेत समानान्तर रूपमा छलफल भइरहेको जानकारी दिए । प्रतिनिधिसभाको चुनावमा समेत आवश्यकताका आधारमा केही ठाउँमा समीकरण गर्ने सोचमा रहेको कांग्रेसमा तत्कालीन माओवादीसँग जस्तो सिट बाँडेर जाने विषयमा विमती रहेको चर्चा गर्दै महतले एक्लै चुनावा जाँदा नै राम्रो हुने आफ्नो मत रहेको बताए ।

देउवा र उनीनिकटबाहेक कांग्रेसको अर्को समूहका नेताहरू भने गठबन्धनको विपक्षीमा देखिएका छन् । कांग्रेस नेता शेखर कोइराला स्थानीय तहका नेता-कार्यकर्ता पनि गठबन्धनको पक्षमा नरहेको दाबी गर्छन् । गठबन्धनका विषयमा देउवा र ओलीबीच छलफल भएको विषयमा आफूलाई जानकारी नभएको भन्दै कोइरालाले कांग्रेस मात्रै नभएर अन्य सबै पार्टीले एक्लाएक्लै चुनाव लड्नुपर्ने बताए । 'कांग्रेसका कार्यकर्ता आफ्नो पार्टीको चुनाव निह्नमा भोट हाल्न नपाएर दिक्क छन्' भन्दै आफू चुनाव अगाडिको गठबन्धनको पक्षमा नरहेको ठोकुवा गरे ।

उता एमाले नेता भने संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउने, संविधानलाई ट्र्याकमा ल्याउने विषय प्रमुख दलहरूबीच संवाद र सहकार्य

क्रमशः अन्तिम पृष्ठमा

# समग्र राजनीतिकै पुनर्संरचना खोजिएको हो

### समय- सन्देश

डा. बाबुराम भट्टराई

म आज आफ्नो जीवनको अत्यन्त खुसीको क्षणमध्ये एउटा मान्दैछु किनकि मान्छे जन्मेपछि जब आँखा खोल्छ र संसारलाई बुझ्छ, जगत् के हो, दुनियाँ के हो, म किन जन्में, मैले के गर्नुपर्ने हो भन्ने प्रश्न गर्न थाल्छ- त्यसपछि नै उसले समाजलाई बदल्ने, रूपान्तरण गर्ने, अझ उन्नत बनाएर जाने, आफू मर्ने बेलासम्म यो समाज, मानवजाति, प्राणी जगत उन्नत होस् भन्ने आकाङ्क्षा राख्दछ । म पनि त्यहीमध्ये एउटा प्राणी हुँ । त्यसैका निम्ति सात दशक उमेर पार गर्दा पाँच दशकको सक्रिय राजनीतिमा थुप्रै उकाली-ओराली चढ्दै यहाँसम्म म आइपुगेको छु । र, अहिले खासगरी जेनजीका युवा साथीहरूको जुन मैले कुराहरू सुन्ने अवसर प्राप्त गरेँ, त्यसले मेरो हौसलालाई अझै बढाएको छ । उमेरले बुढो भए पनि विचार, जोस, जाँगरले आफैं युवा भएको मैले अनुभूत गरेको छु । त्यस अर्थमा, विशेषतः युवा, जेनजी साथीहरूलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु, शुभकामना दिन चाहन्छु र आज हामीले स्थापना गरेको यो प्रगतिशील लोकतान्त्रिक पार्टीको म पूर्ण सफलता, उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

तपाईंहरूले मलाई एउटा अभिभावकको रूपमा यहाँ प्रस्तुत गर्नुभएको छ । अभिभावकले के गर्नुपर्छ तपाईंलाई थाहै नै छ । अभिभावकले आफैं सक्रिय कार्यकारी भूमिका निर्वाह गर्दैन । जसले काम गर्नुपर्ने हो, तिनीहरूलाई काम गर्न दिन्छ, दिनुपर्छ, आफ्नो कुरा राख्नुपर्छ । लागू भएन भने पनि उनीहरूले जे गर्छन्, उनीहरूको अधिकार हो

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- २३, पुस १८ गते शुक्रबार, २०८२

सम्पादकीय

# आत्मसमीक्षा गरौं अनावश्यक नलत्रिऔं

'जेन-जी' का नाममा भएको प्रदर्शन र विध्वंसपछि मुलुकमा दुईखाले अतिवादले नराम्ररी टाउको उठाएका छन्। एउटा हो ओली प्रवृत्ति र अर्को हो तथाकथित नयाँ दलका नाममा फिँजाइएको बकवासपूर्ण अफवाहको बिस्कुन।

भदौ २३ र २४ को विध्वसंका मुख्य प्रायोजक र आयोजक राष्ट्रविरोधी-जनविरोधी आपराधिक गिरोह भए तापनि जान-अन्जानमा त्यसमा मिसिएका र विगतदेखिका राजनीतिक विकृति-विसंगति-अत्याचारका विरुद्ध आवाज उठाएका जनतालाई बिल्कुल नजरअन्दाज गर्नु एउटा अति हो र यसको नेतृत्व एमाले पार्टी तथा त्यसका अध्यक्ष खड्गप्रसाद ओलीले गर्दै आएका छन्। त्यसैगरी, अर्को अतिको नेतृत्व ठ्याक्कै यसैले गरिरहेको छ भन्ने स्पष्ट नदेखिए तापनि 'जेन-जी विद्रोहको स्वामित्व लिने र माग पूरा गरिदिने' बकवास गरिरहेको पुरानाभन्दा पनि अझै पुराना तत्त्वहरूको एउटा 'नयाँ' खरानी घसेको समूहले यसको मुख्य प्रतिनिधित्व गरिरहेको देखिन्छ। 'जेन-जी विद्रोहले सबैलाई आत्मसमीक्षा गर्न बाध्य बनायो' भन्ने नेकपाका संयोजक प्रचण्डको भनाइ मूलतः सही नै भए पनि आपराधिक तत्त्वहरूप्रति उनले दर्शाइरहेको अनावश्यक लचकता र 'सदाशय' आपत्तिजनक छ।

अतः विषयवस्तु र मामिला जे हो र जस्तो छ, त्यसप्रतिको धारणा, दृष्टिकोण र अभिव्यक्ति उस्तै हुनुपर्दछ। कुनै स्वार्थका कारण वा बहकावमा फसेर अतिरञ्जित गर्नु कसैको पनि हितमा हुँदैन।

## समग्र राजनीतिकै...

भनेर सहेर बस्नुपर्छ, तर आफ्नो कुरा चाहिँ फेरि भनिराख्नुपर्छ। म त्यही प्रतिबद्धता तपाईंहरूसँग व्यक्त गर्न चाहन्छु।

भदौ २३ र २४ गते सायद ममात्रै एउटा पूर्वप्रधानमन्त्री थिएँ जो आफ्नै गाउँमा बसेको थिएँ, जसको हातमा मोबाइल थियो, अरुको हातमा के थियो- उहाँहरूले आफैँ भनिसक्नुभएको छ। र, त्यतिबेला पनि मैले आफूलाई लागेका कुरा तपाईंहरूलाई सम्प्रेषण गरिरहेको थिएँ। त्यो कुरा म दोहोऱ्याउन चाहन्नँ। म खाली स्मरणमात्र के गराउन चाहन्छु भने इतिहास भनेको चरणबद्ध ढंगले अगाडि बढ्छ। जसरी हामी मान्छेको उमेरको पुस्ता हुन्छ, त्यस्तै इतिहासको, समाजको पनि पुस्ता हुन्छ। त्यो चरण हुँदै त्यो अगाडि बढ्छ।

त्यसैलाई अहिलेको 'युरोपियन इलाइटेनमेन्ट' भनिन्छ, प्रबोधन युग। त्यतिबेलाका दार्शनिकहरूले परिभाषित गरेका थिए। त्यसैले समाज निरन्तर गतिशील छ, परिवर्तनशील छ। उन्नत चेतना भएको मान्छेले त्यो परिवर्तनको प्रवाहलाई अझ तीव्र पार्ने भूमिका निर्वाह गर्नुपर्छ भन्ने विभिन्न विचार संश्लेषण हुँदै आए। त्यसैलाई हामीले दर्शन विचार भन्ने गर्छौं। अघि मित्र राम कार्कीजीले पनि भन्नुभयो, विचारविहीनता भन्ने नै हुँदैन। त्यसले यो समाजका विकासका, परिवर्तनका गतिलाई परिभाषित गरिराख्छ, नयाँ-नयाँ आविष्कार गरिराख्छ। ती प्रत्येक नयाँ आविष्कारको प्रक्षेपण गर्छ र आगामी संसारको दिशा के हुन्छ भनेर त्यो निर्माणमा ऊ उद्यत हुन्छ। त्यसैलाई हामीले विचार दर्शन भन्छौं।

नेपालको जुन लोकतान्त्रीकरण प्रक्रिया थियो, २००७ साल आसपासबाट सुरु भएर बीपी र पुष्पलालहरूको पुस्ता हुँदै हाम्रो पुस्तासम्मले २०७२ साल असोज ३ गते संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने बेलासम्म इतिहासको एउटा अध्याय, जनताले आफ्ना चुनिएका प्रतिनिधि मार्फत आफ्नो संविधान लेखेर जारी गर्ने काम पूरा भएकै हो। तर त्यसमा केही अपूर्णता थिए। त्यसैले मैले त्यतिबेलैदेखि यो संविधान आधा गिलास भरी छ, आधा खाली छ, त्यसका केही अपूर्णता भन्दै आएको थिएँ। त्यो आधा गिलासलाई जोगाउँदै आधा गिलास भर्नेतिर जानुपर्छ। त्यसो गर्नको निम्ति पुरानो प्रकारको राजनीति, पुरानो प्रकारको पार्टी र नेतृत्वले हुँदैन। नयाँ चाहिन्छ भनेर २०७२ साल असोज ९ गते मैले आफैँले निर्माण गरेको, यी साथीहरूसँग काम गरेर हामीले त्यहाँसम्म पुऱ्याएको पार्टीको इतिहास पूरा भयो। त्यसलाई मैले कहिल्यै खराब भनेको छैन।

धेरै माओवादी पृष्ठभूमिका साथीहरू 'दाइले छोडेर जानुभयो' भन्नुहुन्छ। छोडेर गएको होइन। माओवादी आन्दोलनले आफ्नो कार्यभार पूरा गऱ्यो। २००७ सालमा सुरु भएको क्रान्ति र परिवर्तनको कुरात्यसलाई २०४६ सालमा अलिकति अगाडि बढाइयो, त्यो अपूर्ण थियो। त्यसलाई अझ पूर्णता दिनुपर्छ भनेर धक्कामूलक ढंगले माओवादी जनयुद्ध र २०६२/६३ को आन्दोलनले एउटा उचाइमा पुऱ्याएर हामीले २०७२ सालमा त्यसलाई पूरा गरेको हो। सापेक्ष ढंगले पूरा गरेको हो। र, माओवादी आन्दोलन त्यो पूरा गर्ने एउटा अन्तिम कडी थियो। हो, त्यो सँगसँगै नेपालमा पनि परिवर्तन आयो, विश्वमा पनि त परिवर्तन आयो।

अहिले जुन जेनजी तपाईंहरूलाई भन्ने गरिन्छ, त्यो जेनजी भनेको १९९७ देखि २०१२ सम्म जन्मेको पुस्तालाई भनेको हो। क्यालेन्डर हिसाब गर्नुस्। त्यो बेला के परिवर्तन आयो ? अहिले जे दिनचर्या तपाईंको बनेको छ, इन्टरनेट प्रविधिदेखि लिएर यो सोसल मिडिया हुँदै एआईसम्म। मैले बुझेसम्मको एआईको ब्रेकथ्रु भएको २०१२ मा हो। पहिलेदेखि नै थियो कुरा चलेको, तर सबभन्दा ठूलो क्रान्ति, मानव इतिहासकै सबभन्दा ठूलो प्राविधिक क्षेत्रको क्रान्ति, मान्छेको चेतना, सूचना सञ्चारको क्रान्ति भएको यही कालखण्डमा हो। त्यसो भएको हुनाले अनि अब हामीले हिजोकै त्यही विचार, हिजोकै कांग्रेसले बोकेको एउटा उदारवादी पुँजीवादी विचार अथवा कम्युनिस्टहरूले जे बोकेको सबै राज्यले नियन्त्रण गर्नुपर्छ भन्ने नियन्त्रणवादी, एकाधिकारवादी विचार बोकेर अहिलेको युगको काम पूरा हुन सक्थ्यो ? सक्दैनथ्यो। त्यसैले नयाँ विचार सहितको नयाँ विकल्प चाहिन्छ भनेर नै हामीले विभिन्न अभियान सुरु गऱ्यौं, तर बुझ्न समय लिन्छ त्यसले, त्यसले ढिलो भइराखेको थियो।

अहिले पनि विश्वको आर्थिक स्तरमा हेऱ्यौं भने औसतभन्दा दस गुणा हामी तल छौं। किनभने मान्छेको आर्थिक स्तरले नै मान्छेको सामाजिक स्तर निर्धारण गर्छ र त्यसले सांस्कृतिक स्तर निर्धारण गर्छ। त्यसैले उसको चेतनाको स्तर निर्धारण गर्ने हो। त्यसैले जब विश्वको औसतभन्दा दस गुणा तल भएको समाज छ भने त्यसले अहिलेको जेनजी पुस्ताले भनेको, सोचेको विचार ती पुराना दलबाट पूरा हुन सक्थ्यो ? तिनै नेताबाट हुन सक्थ्यो ? सक्दैनथ्यो। त्यसैले गुम्सिएर बसेको अन्तरविरोध भदौ २३ र २४ गते विस्फोट भएको हो। त्यो विस्फोटपछि म किन खुसी छु भने अब बल्ल दुनियाँले बुझ्ने गरी पुरानो ढंगले चल्दैन भन्ने कुरा नेपालमा स्थापित भयो।

त्यसैले अब पार्टी र दलमात्रै म भन्दिनँ, अब राजनीतिको पुनर्संरचना खोजिएको हो। यहाँ साथीहरूले जुन कुरा राख्नुभएको छ, राजनीतिको पुनर्संरचना खोजी यहाँ भइरहेको छ। त्यसो नगरेसम्म विश्वसँग जोडिएर जान र जेनजी पुस्ताले गरेको अपेक्षा पूरा गर्न सकिँदैन। त्यसैले अहिले यो जुन प्रगतिशील लोकतान्त्रिक पार्टी बनेको छ, यो पार्टी भनेको जेनजी आन्दोलनको उपज हो र जेनजी पुस्ताको पार्टी हो भनेर बुझ्न जरुरी छ। यदि यो कुरा बुझिएन र मैले आफ्नो बखान गर्न थालेँ, अर्कोले अर्को बखान गर्न थाल्यो भने हुँदैन। यो हाम्रो एजेण्डा, अबको यो पार्टीको एजेण्डा भनेको जेनजी पुस्ताको चेतनासँग, त्यसको आवश्यकतासँग, यो युगसँग जोडिएका कुराको मागहरू पूर्ति गर्न यसले सक्छ कि सक्दैन ? त्यो हिजोका कांग्रेस-कम्युनिस्ट छोड्नुस्। यहाँ एउटा साथीले लालसलाम भन्नुभयो, अर्कोले अर्कै के भन्नुभयो। त्यसले केही समयसम्म लालसलाम, जय नेपाल, यो सबै भन्दै गरौँला। सुरुमा गंगा-जमुना-सरस्वती अलग अलग धार र रङ लिएर आउँछन्। एउटा बिन्दुमा मिसिएपछि गंगा एउटै बन्छ, गंगाको रङ अर्कै हुन्छ। त्यसले अहिले केही दिनसम्म गंगा-जमुनाका हाम्रा अलग-अलग धार रहन्छन्। अलि पर पुगेपछि गंगा बन्छ। त्यो गंगा पनि गएर समुन्द्रमा मिसिएपछि हाम्रो रूप-रङ अर्कै हुन्छ। त्यसैले चिन्ता नगरौँ।

केही समयचाहिँ हाम्रो यस्ता अलग-अलग रङ, ढङ्ग, अलग-अलग भाषा, बोली, अलिकति जोडतोड रहन्छ। त्यसलाई अन्यथा मान्न हुँदैन। मेरो विशेष संकेतचाहिँ यो जेनजी पुस्ताका साथीहरूसँग हो। उहाँहरूसँग धेरै अन्तरक्रिया गर्ने मैले अवसर पाएको छु। थुप्रै साथीहरूसँग भेटघाट मैले गरेको छु। त्यसैले उहाँहरू सशंकित हुनुहुन्छ। धन्य हाम्रो केही साथीहरू जोडिनुभएको छ। म उहाँलाई धन्यवाद दिन चाहन्छु, आँट गर्नुभएको छ। तर उहाँहरूको मनमा संशय छ। ठूलो संशय छ।

हामी यत्रो आँट गरेर आयौँ तर यी पुराना स्कुलिङमा हुर्किएका मान्छेहरू, पुराना पार्टी, सोच र प्रवृत्तिसँग आएका मानिसहरू, यी बदलिने हुन् कि होइनन् ? यिनीहरूसँग काम गर्न सकिन्छ कि सकिँदैन ? हामीले भनेजस्तो पार्टी बन्छ कि बन्दैन ? भन्ने उहाँहरूको ठूलो प्रश्न छ। मैले उहाँहरूलाई वचन दिएको छु, तपाईंहरू आउनुस्। लड्ने हो त्यसको निम्ति। २०३७ सालमा मैले कम्युनिस्ट पार्टी प्रवेश गर्दा स्टालिनको प्रवृत्तिको जगजगी थियो। स्टालिनको तरिकाले अब विश्वमा कम्युनिस्ट पार्टी रहँदैनन्। विश्वमा कम्युनिस्ट पार्टीको भविष्य रहँदैन। यति केन्द्रित, यति एकमनवादी, यति जड छ, त्यसले न कार्यकर्तालाई चेतनशील बन्न दिन्छ, जहाँ कुर्सी त्यहाँ ज्यान, त्यो कसैले छोड्दैन भन्ने प्रश्न मैले त्यतिबेलै राखेको थिएँ। र यो ट्रस्किवादी, मालेवादी भनेर म भर्खर बाइस-तेइस वर्षको फुच्चेलाई ठूला-ठूला नेताहरूले लेख्नुभएको छ।

त्यसैले मैले तपाईंहरूलाई के भन्न खोजेको हो भने तपाईंहरू यहीँ आएर संगठित भएरै लड्ने हो। त्यो तपाईंहरूको अधिकार हो, तपाईंहरूले पाउनुहुन्छ। त्यसरी मात्रै बदलिन्छ। दर्शनको, भौतिक जगत, सामाजिक जगतको पनि नियम के हो भने कुनै पनि तत्त्व विपरीत तत्त्वले नै वस्तु बन्या हुन्छ। भौतिक जगतमा पनि त्यही हो, सामाजिकमा पनि विविध प्रवृत्ति भनेर त्यो बन्या हुन्छ। तिनीहरूको बिचमा टक्कर चल्छ, त्यो टक्करले फेरि नयाँ चिज जन्म दिन्छ भने हो। युनिटी, स्ट्रगल, ट्रान्सफर्मेसन अर्थात् एकता, संघर्ष र रूपान्तरण। यही नै नियम हो। चाहे त्यसलाई मार्क्सको रूपमा जोड्नुस्, चाहे त्योभन्दा अझ अघि नै यो सिद्धान्त पत्ता लगाएका इमानुएल कान्टहरूले यो प्रगतिवाद भन्ने शब्द सबभन्दा पहिले प्रयोग गरेका हुन्। ऊ अलि अजेयवादी खालका दार्शनिक थिए। त्यसैले हामीले यो प्रगतिशील लोकतन्त्र किन राखेको हो भने कुनै पनि चिज स्थिर छैन, त्यो निरन्तर गतिमा हुन्छ।

प्रगतिशील शब्दले चाहिँ आजभन्दा भोलि राम्रो, उन्नत, भोलिभन्दा पर्सि, पर्सिभन्दा निकोपर्सि हुन्छ। समाज, जगत, हामी पनि हुनुपर्छ र हाम्रो विचार, हाम्रो सोच, शैली, आचरण, यो पार्टी पनि प्रत्येक दिन नवीकरण हुँदै जानुपर्छ भन्ने अर्थमा यो प्रगतिशील प्रयोग भएको हो। प्रोग्रेसिभिज्म भन्ने दार्शनिक हेर्नुहोला, इन्टरनेटमा पनि पाइन्छ। त्यसको परिभाषा इलाइटेनमेन्टदेखि जोडिएको छ, त्यतिबेलादेखि प्रयोग भएको यो शब्द हो। डेमोक्रेसी त जनताको किनभने त्यसबेला अटोक्र्यासी, मोनार्कीहरूको अन्त्य भयो र आधुनिक औद्योगिक युग सँगसँगै आधुनिक लोकतन्त्रको अवधारणा आयो, डेमोक्रेसीको अवधारणा आयो। त्यसपछि नै त्यो लोकतन्त्र त विकसित हुँदै आएको छ। पहिले ठूलाबडा र धनीले मात्रै भोट हाल्ने भन्ने थियो, पुरुषले मात्रै भोट हाल्ने भन्ने थियो। यस्तो पनि लोकतन्त्र नै थियो। पछि हुँदैहुँदै अहिले आएर हामी कहाँ पुगेका छौँ ? यो इन्क्लुसिभ र पार्टिसिपेटरी डेमोक्रेसी हुनुपर्छ भन्ने ठाउँमा पुगेका छौँ।

सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदाय सबैको सहभागिता हुनुपर्छ, सबैको बराबर स्थान हुनुपर्छ भन्ने कुरा। अब रिप्रिजेन्टेटिभ डेमोक्रेसी, प्रतिनिधिले प्रतिनिधि चुन्ने र नेता छान्ने होइन, डाइरेक्ट सर्वसाधारण जनताले आफ्नो नेता छान्छ र पार्टीभित्र पनि सदस्यले आफ्नो नेताचाहिँ साधारण सदस्यले छान्छ भन्ने अहिलेको पछिल्लो विकास भनेको त्यो हो। र, आगामी दिनमा यो उसको प्रगतिशीलका एजेन्डाहरू पनि र डेमोक्रेसीको एजेन्डा पनि अगाडि बढेर जान्छ। त्यसैले यो प्रगतिशील लोकतान्त्रिक पार्टी भनेको यो नयाँ जेनजी पुस्तासँग जोडिएको पार्टी हो। यसको इच्छा, आकांक्षा, सोचसँग जोडिएको पार्टी हो।

त्यसैले युवा जेनजी साथीहरू निर्धक्क भएर आउनुपर्छ र तपाईंहरूले यो पार्टी हाँक्नुभएन, चलाउनुभएन भने अन्यथा नमान्नुस् साथीहरूले, पार्टी बन्न गाह्रो छ। फेरि यो पनि बिस्तारै पुरानै पार्टीभित्र परिणत हुने, चुनाव आउँछ अनि त्यतिबेला फेरि भागबन्डा कहाँबाट सिट पाइन्छ, कोसँग मिल्दा खेरिचाहिँ कसको ढोका चाहर्दा खेरि टिकट पाउँछु भन्ने प्रवृत्ति त्यहाँ हुन्छ। अनि पाँच सिट, दस सिट, बिस सिट जित्यो, अनि त्यसपछि फेरि मन्त्री को हुने भन्ने साना-साना पार्टीतिर जान्छ। त्यसको केही अर्थ छैन।

त्यसो हो भने त करिब १५० पार्टी दर्ता भएका छन्। पचासभन्दा बढी चुनावका लागि दर्ता भएको छ भन्ने सुन्छु। फेरि अर्को एउटा दोकान थाप्ने जरुरत छैन। तर मेरो विश्वास र आग्रह के हो भने, यो १५० मध्ये एउटा पार्टी होइन। हिजोको एउटा उदारवादी लोकतन्त्रमा आधारित पुँजीवादी धार पक्रने कांग्रेसको धार र त्यसैका वरिपरिका अन्य धार, जसलाई अहिलेको राइटिस्ट सेन्टर भनिन्छ, मध्य-दक्षिण शक्तिहरू जुन भनिन्छ, अहिले नयाँ उदय भएका कारणले आफूलाई मध्य-दक्षिण भन्नुहुन्छ, त्यो एउटा धार। अर्को, अहिले समाजवाद ल्याउनुपर्छ, अहिले सबैलाई बाँड्नुपर्छ, अहिले सबैले स्वर्ग बनाइदिनुपर्छ भन्ने तर व्यवहारमा छैन। तपाईंले भाँडोमा प्रशस्त मात्रामा पकाउनुभएकै छैन, अनि सबैलाई बराबर बाँड्छु भन्नु सबै भोकै बस्नुपर्ने कुरा न हुन्छ ! पहिले प्रशस्त मात्रामा पकाउनुपऱ्यो तपाईंले। त्यो क्षमता हुनुपऱ्यो नि

क्रमशः पाँचौं पृष्ठमा

# कांग्रेसभित्र चर्कियो अन्तर्कलह : थापा र शर्माद्वारा बैठक बहिष्कार, भृकुटीमण्डपमा हल बुक

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले बोलाएको विशेष महाधिवेशन रोक्ने बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बहिष्कार गर्ने भएका छन् । देउवाले छलफलका लागि महमन्त्रीद्वय थापा र शर्मालाई आफ्नै निवासमा बोलाए पनि उनीहरू नगएपछि बैठक हुन नपाएको हो । मुख्यसचिव कृष्णप्रसाद पौडेलले सभापति देउवाको कार्यव्यव्यस्ताको कारणले छलफल हुन नसकेको बताएका छन् ।

'सभापतिको कार्यव्यवस्तताले ाज नभएको हो, भोलि अनुकूल समय मिलाएर बोलाउँछु भन्नुभएको छ' उनले भने 'समय जानकारी गराउनु भएको छैन ।' यसअघि नै कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखकसँग भेट गरेको थिए । कांग्रेस केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले महाधिवेशनको नियमित महाधिवेशन कार्यतालिका प्रभावित भएपछि विशेष महाधिवेशन पक्षधर नेताहरूलाई बिहीबार हल बुकिङ गरेको बताए । सिवाकोटीका अनुसार पुस २७ र २८ गतेका लागि हल बुकिङ गरिएको छ । असोज २९ गते कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशन बोलाउन प्रस्ताव दर्ता गरिएको थियो । कांग्रेसको विधानअनुसार प्रस्ताव दर्ता भएको ३ महिनाभित्र विशेष महाधिवेशन आयोजना गर्नुपर्छ । मंसिर १५ मा केन्द्रीय कार्यसमिति बैठकबाट सर्वसम्मत रूपमा पुस २६ देखि २८ गतेसम्म नियमित महाधिवेशन गर्ने निर्णय गरिए पनि निर्धारित नियमित महाधिवेशन नहुने निश्चित भएपछि विशेष महाधिवेशनको मुद्धा चर्किको हो ।

संस्थापन पक्ष निर्वाचन अगाडि अघि नै नियमित महाधिवेशन गर्न अनइच्छुक देखिएपछि महामन्त्रीद्वय थापा र शर्माले यही पुस २७ देखि २९ गतेसम्म विशेष महाधिवेशन नर्गे निर्णयमा पुगेको इतर पक्षका एक नेताले बताए । विशेष महाधिवेशन पक्षधरसँग बुधबार र बिहीबार भएका छलफलपछि यस्तो निर्णय गरिएको विशेष महाधिवेशन पक्षधर नेता सुवास पोखरेलले बताए । विशेष महाधिवेशनका लागि हल समेत बुक गरिएको जानकारी दिँदै उनले यसबीचमा विधानले गरेको व्यवस्था कार्यन्वयन गर्न कार्यवाहक सभापतिलाई आग्रह गरिने समेत बताए । 'कार्यवाहक सभापति आफैंले बोलाउनु भएन भने महामन्त्रीहरूले विधानको पालना गर्न र गराउन बोलाउनुपर्ने बाध्यता हुन्छ' उनले भने । त्यसअघि औपचारिक जानकारी दिनका लागि विशेष महाधिवेशन पक्षधर नेताहरूले आज पत्रकार सम्मेदन समेत गर्ने भएका छन् । विशेष महाधिवेशन बोलाउन कावा सभापतिलाई आग्रह गर्ने तर नबोलाइ महामन्त्रीहरूले बोलाउने तयारी भएको पनि उनले बताए । कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन माग गरेर असोज २८ गते पार्टी केन्द्रीय कार्यालय सानेपामा निवदेन दिएका थिए ।

कांग्रेसको विधानमा चालीस प्रतिशत प्रतिनिधिहरूले हस्ताक्षरसहित विशेष महाधिवेशन माग गरेर निवेदन दिए पनि तीन महिनाभित्र बोलाउनुपर्ने बाध्यात्मक व्यवस्थालाई बेवास्ता गर्दै संस्थापन पक्ष अगाडि बढ्न खोजेपछि महामन्त्रीहरूले विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यता बनेको अर्का नेता बलदेव तिमिल्सिनाले बताए । संस्थापन पक्षको सहमतिमा विशेष महाधिवेशनलाई निस्तेज बनाउन पुस २६ देखि २८ मा केन्द्रीय महाधिवेशन गर्ने गरी कार्यतालिका समेत ल्याइएको थियो ।

सबै जिल्लाबाट क्रियाशील सदस्यताको विवरण र नवीकरणको सूची नआएपछि सो कार्यतालिका प्रभावित भएको थियो । त्यसलगत्तै महामन्त्रीद्वय थापा र शर्माले तोकिएको मितिमा केन्द्रीय महाधिवेशन गर्न वडा र क्षेत्रको अधिवेशन मात्रै गर्ने प्रस्ताव अघि सारेका थिए । संस्थापन पक्ष त्यसमा पनि तयार नदेखिएपछि असोज २८ गते दर्ता भएको विशेष महाधिवेशनको निवेदन क्रियाशील भएको पोखरेलको दावी छ ।

# कांग्रेसमा तीन गुट : समानुपातिक सांसद छान्न सकस

**काठमाडौं ।** आगामी फागुन २१ मा तोकिएको प्रतिनिधिसभा चुनावका लागि दलहरूलाई समानुपातिक प्रणालीतर्फको सांसदका बन्दसूची बुझाउन निर्वाचन आयोगले समय सीमा तोकेपछि यतिबेला विभिन्न गुट र उपगुटले गाँजेको नेपाली कांग्रेसलाई समानुपातिक नाम टुंगो लगाउन जटिल भएको छ । आयोगले यही पुस १४ गतेसम्म उक्त सूची बुझाउने र त्यसमा पुस २१ सम्म सच्चाउने समय दिएको हो ।

विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले समानुपाति तर्फ आकांक्षीहरूको नाम प्रतिनिधिसभा क्षेत्र, जिल्ला र प्रदेश हुँदै केन्द्रमा मगाइसकेको छ। पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले समानुपातिकतर्फको सूची निर्माणका लागि आकाङ्क्षीहरूको नाम प्रक्रियागत रूपमा केन्द्रमा आइसकेको जानकारी दिए । तल्ला तहबाट प्रक्रियागत रूपमा आकांक्षीहरूको नाम केन्द्रमा आइसकेको भए पनि केन्द्रबाट टुंगो लगाउने क्रममा कांग्रेसमा विद्यमान समूहबीच रस्साकस्सी चलेको हो । तल्ला तहबाट नाम आएपछि केन्द्रमा कांग्रेसका तीन गुटले फरक-फरक समूहको लिस्टको गृहकार्य गरिरहेका छन् । संस्थापन पक्ष डा शेखर कोइराला नेतृत्वको इतर समूह र महामन्त्री गगन थापा समूहले छुट्टाछुट्टै समानुपातिक तर्फको सूचि तयारी गरेका छन् । संस्थापन समूहले सूची निर्माणका लागि प्रदेशगत रूपमा नेताहरूलाई जिम्मेवारी दिएको छ । शनिबार कार्यसम्पादन समिति बैठकअघि ललितपुरको धोबिघाटस्थित सिद्धार्थ कटेजमा बसेको संस्थापन पक्षीय नेताहरूको बैठकमा कार्यवहाक सभापति पूर्णबहादुर खड्काले सभापति शेरबहादुर देउवासँग भएको कुराकानीका आधारमा भन्दै प्रदेशगत रूपमा समानुपातिक सूची निर्माणका लागि भन्दै नेताहरूको नाम सार्वजनिक गरेका थिए ।

सोही बैठकमा सहभागी संस्थापन समूहका एक पदाधिकारीका अनुसार कावा सभापति खड्काले सातै प्रदेशमा जिम्मेदवारी दिएका नाम पढेको हुन् । स्रोतका अनुसार संस्थापनले कोशी प्रदेशमा नेता ज्ञानेन्द्रबहादुर कार्की, मधेस प्रदेशमा सहमहामन्त्री महेन्द्र यादव, बागमती प्रदेशमा प्रवक्ता डा प्रकाशशरण महतलाई सूची निर्माणको जिम्मेवारी दिएको छ । यस्तै गण्डकी प्रदेशमा मुख्यमन्त्री समेत रहेका नेता सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशमा बालकृष्ण खाण, कर्णाली प्रदेशमा कावा सभापति खड्कासँग समन्वय गर्नेगरी पूर्व मुख्यमन्त्री जीवनबहादुर शाही र सुदूरपश्चिम प्रदेशमा पार्टीका प्रदेश सभापति वीरबहादुर बलायरलाई सूची निर्माणको जिम्मेवारी दिएको स्रोतले बतायो ।

कांग्रेसभित्र कोइराला इतर समूहले पनि आफ्नो समूहका तर्फबाट छुट्टै सूची निर्माण गरिरहेको सो समूहका नेताहरूले बताएका छन् भने कोइरालाको सचिवालयले समूहको तर्फबाट डा कोइरालासहित उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियार तथा डा मिनेन्द्र रिजालले सूची निमार्ण गरिरहेका छन् । उता, महामन्त्री थापाको तर्फबाट उनी स्वयं र उनको सचिवालयले सूची तयार गरिरहेको केन्द्रीय सदस्य प्रतिमा गौतमले जानकारी दिइन् । थापाको सूचीमा अर्का महामनत्री विश्वप्रकाश शर्माका नाम समेटिने उल्लेख गरिएको छ ।

आयोगले तोकेको समयमा कांग्रेसले सूची बुझाउने र त्यसका लागि पार्टी आन्तरिक तयारीमा रहेको जानकारी दिँदै प्रवक्ता डा महतले भने 'हामीले बन्दसूचीका लागि आन्तरिक तयारी गरिरहेका छौं । आयोगले तोकेको समयमा बन्दसूची बुझाउँछौं ।' उम्मेदवार छान्नका निम्ति पार्टी विधानमा संसदीय समिति बनाउने व्यवस्था भए पनि कांग्रेसले यतिबेला समानुपातिक प्रणालीको बन्दसूची बुझाउँदा संसदीय समिति नबनाएर कार्यसम्पादन समितिबाट पारित गरेर बुझाउने तयारीमा रहेको छ ।

संसदीय समिति बनाउने सर्वाधिकार सभापतिमा रहेको दावी गर्ने कांग्रेसका प्रचार विभाग प्रमुख मीन विश्वकर्माको दावी थियो 'संसदीय समिति बनाउने सर्वाधिकार सभापतिमा छ, यसबारेमा के गर्ने, कसो गर्ने हामीलाई जानकारी हुने कुरा भएन ।' सभापति देउवा निकट स्रोतले समेत समानुपातिक तर्फको सूचीका लागि संसदीय समिति गठन नहुने बताएको छ । प्रत्यक्षतर्फको उम्मेदवार तय गर्न भने संसदीय समिति बनाउने जानकारी दिँदै नेताहरूले समय ढिला भएकाले समानुपाति तर्फको बन्द सूची कार्यसम्पादन समितिले नै बनाएर पठाउने बताए ।

# 'नयाँ' दलका समानुपातिक : नातावाद र सेलिब्रेटी र 'पावर' को रजगज

**काठमाडौं ।** लामो समय सञ्चारकर्म टेलिभिजन प्रस्तोताबाट चर्चा कमाएर २०७९ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट राजनीतिक कर्ममा उदाएका रवि लामिछानेको पार्टीले उतिबेला 'जान्नेलाई छान्ने' नाराबाट पार्टी स्थापना गरको पाँच महिनामै प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ राम्रो मत प्राप्त गर्न सफल भएका थिए ।

पार्टीको संगठन नै नबेको उतिबेला युवामाझ रुचाइएका रविले प्रत्यक्षतर्फ ७ सिट जित्न सफल हुँदै स्थापित राजनीतिक दलहरूलाई चुनौती नै दिएका थिए । पुराना दलहरूले दूषित पारेको राजनीतिको मुहान सफा गर्न आएको बताउने रास्वपाको नेतृत्व उतिबेलादेखि गत भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शन हुँदै यहाँसम्म आइपुग्दा दूषित भनिएकालाई उछिन्ने गरी विभिन्न विवादमा मुछिएका देखिन्छ ।

पुस १४ गते निर्वाचन आयोगमा रास्वपाले बुझाएको समानुपातिक बन्दसूचीले त पुराना दलहरूलाई माथ ख्वाएको छ । रास्वपाले बुझाएको बन्दसूचीमा आन्तरिक प्रतिस्पर्धामा अब्बल सावित भएका व्यक्तिहरूलाई पन्छाएर नातावाद 'नेपोकिड्स' र 'सेलिब्रेटी'लाई प्राथमिकता दिएकोमा पार्टीभित्रै चर्को विरोध भइरहेको छ । रास्वपाले एकतामा जोडिएका काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाह र ऊर्जामन्त्री समेत रहेका उज्यालो नेपालका संरक्षक कुलमान घिसिङ पक्षलाई समेटेर ११० जनाको बन्दसूची आयोगलाई बुझाएको थियो ।

प्राइमरी निर्वाचनमा लोकप्रिय मत ल्याएका विजय जैरुलाई हटाएर डा रामजी रामको नाम बन्दसूचीमा राखेपछि रास्वपा दुवै पक्ष असन्तुष्ट बनेका छन् । बन्दसूचीमा परेका रामजी राम समेतले सामाजिक सञ्जाल फेसबुकबाट असन्तुष्टि पोखेका छन् । लोकतन्त्रमा मतदाताको मतको अर्थ हुने भन्दै उनले आफ्नो नाम हटाएर जैरुको नाम राख्न नेतृत्वको ध्यानाकर्षण गराए । 'लोकतन्त्रमा अर्थ रहन्छ त मतदाताको मतको' उनले लेखेका छन् 'प्राइमरी इलेक्सन'लाई छनोटको आधार मानिएको हो, होइन जवाफ चाहियो ।' उनले रास्वपामा विधि र सुशासनले अर्थ राख्छ भने जैरुलाई स-सम्मान उचित स्थानमा राख्न आग्रह गरेका छन् । आफ्नो नाम बन्दसूचीमा हुनु तर जैरुको नाम नहुनुले लज्जाबोध भएको भन्दै उनले आफूलाई हटाएर जैरुलाई समेट्न सुझाव दिएका छन् । सर्वाधिक मत ल्याएका रमेश प्रसाईं, रञ्जु दर्शनालगायतलाई पनि बन्दसूचीको पछाडि राखेको रास्वपाले पूर्वमिस नेपाल अनुष्का श्रेष्ठ, गायिका त्रिशला गुरुङ, गायक तथा अभिनेता प्रकाश सपुत, अभिनेत्री तथा सञ्चारकर्मी रीमा विश्वकर्मा, अभिनेता तथा प्रस्तोता आसिफ शाहलाई समेत बन्दसूचीमा समावेश गराएको छ ।

यसैगरी, उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालका छोरा सचिन ढकाल, गोल्ड स्टारकी सीईओ विदुषी राणा, नेपाल कृषि मेसिनरी व्यवसायी संघकी उपाध्यक्ष सुनिता नेमाफुकी, मुना कृषि बजारकी प्रमुख प्रबन्धक दिव्या पाण्डे लगायत रास्वपाको बन्दसूचीमा परेका छन् । बन्द सूचीमा रहेका केही 'सेलिब्रेटी' बालेनको पक्षबाट सिफारिस भएका चर्चा हुँदै गर्दा रास्वपासँग एकता गर्ने सहमति गरेका कुलमान घिसिङले बन्दसूचीमा आफन्त, नातागोता र नजिकका मानिसलाई पठाएको आरोप लागेको छ । 'जेन-जी' पुस्ताको भावना विपरीत 'नेपोटिजम'लाई प्रश्रय दिनेगरी भान्जा पर्ने राम लामालाई बन्दसूचीमा राखिएको भन्दै नेताहरूले आपत्ति जनाएका छन् । घिसिङले भान्जा भनेर चर्चामा ल्याइएका व्यक्ति भान्जा नभएको र उज्यालो नेपाल पार्टीको तर्फबाट समेत नभई अर्कै टिमबाट सिफारिस भएको व्यक्ति बताउँदै खण्डन गरेका छन् । उनले समानुपातिक परेको व्यक्ति आफ्नो 'ससुरा' भन्दै गरिएको प्रचारमा समेत सत्यता नभएको बताएका छन् ।

रास्वपाले बुझाएको बन्दसूचीप्रति आपत्ति व्यक्त गर्दै डा तोसिमा कार्कीले भनिन् 'समानुपातिकको अवधारणा नै भौगोलिक विकटताले ठाउँ पाओस्, पहुँच र पावर नभएका तर सक्षमहरूले प्रतिनिधित्व पाउन् भने राखिएको हो ।' बन्दसूचीले विपन्नलाई पनि ठाउँ दिनुपर्ने, कर्णाली, सुदूरपश्चिम गाउँ बोल्नुपर्नेतर्फ औँल्याउँदै उनले पार्टीको नेतृत्वका आफन्तहरू र पार्टीको 'भाइरल पोस्ट'मा हुनेहरू नै समानुपातिक सूचीको लागि आकर्षित हुनु र त्यहीं आफ्नो स्पेस बनाउनु/बनाइनुले समानुपातिक प्रविधिको औचित्यमाथि नै प्रश्न बताइन् । समानुपातिकले निषेध होइन समावेशी बनाइनु पर्ने उनको धारणा थियो । रविले कुलमानलाई उपसभापति र बालेनलाई भावी प्रधानमन्त्री बनाउने गरी सात/सात बुँदे सहमति गरेपछि दुवैजना रास्वपामा समाहित भइसकेका छन् । सहकारी बचत रकम अपचलन गरेको आरोपमा छुट्टाछुट्टै पाँचवटा जिल्ला अदालतमा मुद्धा खेपिरहेका रवि आफैं सभापति रहेको रास्वपामा दुवै जनाले सुशासन र सुसंस्कृत राजनीतिक गर्ने उद्देश्यले सात बुँदे सहमति गरेका हुन् ।

संगठित अपराध र सम्पत्ति शुद्धीकरणको आरोपमा विघटित प्रतनिधिसभा सदस्य पदबाट निलम्बित भएका व्यक्ति रवि त्यसअघि दोहोरो नागरिकता प्रकरणमा मन्त्री, सांसद र पार्टी सभापति पद एक साथ गुमाएका व्यक्ति हुन् । दोहोरो राहदानी प्रकरणमा समेत रविमाथि अदालतमा अझै मुद्दा विचाराधीन अवस्थामा छँदैछ ।

पछिल्लो पटक समानुपातिक बन्दसूची प्रकरणमा समेत रास्वपा बदनाम भएपछि त्यसको बचाउ गर्दै तारेख बुझ्न पोखरा पुगेका लामिछानेले सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै छोटो समयमा नयाँ शक्ति एक ठाउँमा उभिएकाले बन्दसूची मिलाउन नसकिएको दलिल पेस गरेका हुन् । 'हामी नयाँ एक ठाउँमा उभिएर जाने भन्ने निर्णय निकै छोटो समयमा भयो । त्यसले तयारीमा अलि समय नभएको जरुर हो । सार्वजनिक चासोमा आउनुभन्दा अगाडि नै हामीले 'रिभ्यु' गर्ने समय हुन्छ भनेर बन्दसूची बुझाएका हौं' उनले भने 'कुलमानजीसँग अन्तिम समयमा सहमति गरेका हौं । एकतर्फ बन्दसूची बुझाउने घर्किसकेको थियो । यता हामी सहमति गर्दै थियौं । यी विभिन्न कारणले गर्दा रिभ्युको समयमा हेरौंला भनेकै छौं ।'

रास्वपाको सचिवालयले समेत बुधबार एक विज्ञप्ति जारी गर्दै फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगमा पेस गरेको समानुपातिक बन्दसूचीका सम्बन्धमा विभिन्न सरोकारवालहरूबाट प्राप्त भएका प्रतिक्रिया र सुझावप्रति ध्यानाकर्षण भएको उल्लेख गरेको छ । सो विज्ञप्तिमा बन्दसूचीमा सच्याउनुपर्ने विषयमा पुस १७ गते बिहान १० बजेभित्र यथोचित सुझाव प्रदेश सभापति मार्फत वा सिधै पार्टी केन्द्रीय कार्यालयमा बुझाउन भनिएको छ ।

रास्वपाको बन्दसूचीमा प्रधानमन्त्री सुशीला कार्कीको जनसम्पर्क सल्लाहकार गोविन्दनारायण तिमिल्सना रहेका छन् भने प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठ 'नेपाटिजम'को विवादमा परेका छन् ।

पुराना राजनीतक दलहरूका कारण देशमा भ्रष्टाचार र बेथिति भन्दै गत भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनपछि बनेको सरकारकी प्रधानमन्त्री सुशीला कार्कीका जनसम्पर्क सल्लाहकार गोविन्दनारायण तिमिल्सना रास्वपाको बन्दसूचीमा परेका छन् भने प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठ 'नेपाटिजम'को विवादमा परेका छन् ।

# पार्टीकै केही नेता–कार्यकर्ताले त्याग र बलिदानको मूल्य घटाएका छन् : महेश्वर दाहाल

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता महेश्वर दाहालले पार्टीले आफ्नो कार्यशैलीमा सुधार्नुपर्नेमा जोड दिएका छन्। हालै पार्टी केन्द्रमा एक प्रस्ताव पेस गर्दै दाहालले पार्टी कार्यशैली सुधार्नु पर्नेमा सुझाव दिएका हुन् ।

नेकपाभित्रका केही नेता तथा कार्यकर्ताको भ्रष्टाचार र अनैतिक व्यवहारका कारण जनयुद्ध, त्याग र बलिदान उपहासको विषय बनेको टिप्पणी गर्दै उनले पार्टीभित्र करिब १०–८ प्रतिशत गलत प्रवृत्तिका नेता तथा कार्यकर्ताले गरेको भ्रष्टाचार र व्यभिचारले परिवर्तनका लागि गरिएको बलिदानको मूल्य घटाएको बताएका छन्। 'हाम्रो त्याग, बलिदानी र परिवर्तनको संस्कृति जोगाउन अब जनतालाई विश्वासमा लिनैपर्छ' उनको प्रस्तावमा उल्लेख गरिएको छ 'त्यसका लागि सबैभन्दा पहिला पार्टीले आफ्नै कार्यशैली सुधार्नुपर्छ ।'

पार्टीमा आत्मलोचनाको आवश्कतातर्फ औंल्याउँदै उनले सबै नेता तथा कार्यकर्ताले आफ्नो कमीकमजोरीमाथि कठोर रूपमा समीक्षा गर्नुपर्ने बेला आएको बताए। 'सबैले आफ्नै टाउकामा आगो लगाउने साहस गर्नुपर्छ' उनको भनाइ थियो 'नत्र अरुले भोग्ने अवस्था आउँछ ।' पार्टीको प्रभाव प्रयोग गरी अपारदर्शी रूपमा आर्जन गरिएको सम्पत्ति पार्टीकरण गर्नुपर्ने प्रस्ताव अघि सारेका उनले जनयुद्धका क्रममा पीडित भएका व्यक्ति तथा परिवारको लालनपालन र आश्रयका लागि त्यस्ता सम्पत्ति प्रयोग गर्नुपर्ने र यदि सम्पत्ति अकुत देखिएमा त्यसलाई राष्ट्रियकरण गर्नुपर्ने माग समेत गरेका छन् ।

आगामी प्रतिनिधिसभा निर्वाचनका सन्दर्भमा पार्टीले स्पष्ट प्रतिबद्धता जनाउनु पर्नेमा जोड दिँदै नेता दाहालले चुनाव जनताको विश्वास, जनताकै मत र जनताकै सेवाका लागि लडिने हुनुपर्ने उल्लेख गरेका छन्। 'यो चुनाव कुनै विवादास्पद व्यापारी, ठेकेदार वा स्वार्थ समूहको पैसाले होइन, इमानदार नागरिकहरूको स-सानो योगदानबाट सञ्चालन हुन्छ भन्ने स्पष्ट पार्नुपर्छ' भन्दै उनको प्रस्तावमा निर्वाचन खर्च पारदर्शी बनाउन छुट्टै बैंक खाता खोल्नुपर्ने र स्वदेश तथा विदेशमा रहेका नेपालीले औपचारिक बैंकिङ प्रणालीमार्फत मात्र सहयोग गर्न पाउने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।

विवादास्पद व्यापारी, कालोधन, बिचौलिया वा गुप्त सम्झौताबाट आएको कुनै पनि रकम स्वीकार नगर्ने प्रतिबद्धता पार्टीले गर्नुपर्नेमा जोड दिँदै उनले पैसाले नभई जनविश्वासले चुनाव जित्ने राजनीति निर्माण गर्नुपर्नेमा बताए। उनले जहाँ भए पनि इमानदार राजनीतिका लागि साथ दिन आह्वान गर्दै नेता दाहालको प्रस्तावमा निर्वाचन खर्च पारदर्शी बनाउन छुट्टै बैंक खाता खोल्नुपर्ने र स्वदेश तथा विदेशमा रहेका नेपालीले औपचारिक बैंकिङ प्रणालीमार्फत मात्र सहयोग गर्न पाउने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ। पैसाले नभई जनविश्वासले चुनाव जित्ने राजनीति निर्माण गर्नुपर्नेमा जोड दिँदै उनले जहाँ भए पनि इमानदार राजनीतिका लागि साथ दिन आह्वान गरेका छन् ।

# के छ रवि–बालेनबीचको सातबुँदे सम्झौतामा ?

**काठमाडौं ।** विघटित प्रतिनिधिसभा सदस्यका लागि फागुन २१ मा निर्वाचन गर्ने तयारी हुँदै गर्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह 'बालेन'बीच पार्टी सभापतिमा रवि लामिछाने र भावी प्रधानमन्त्रीमा शाह रहने लगायत विभिन्न विषयमा सात बुँदे सहमति भएको छ।

अहिलेको अवस्थामा रास्वपा सभापतिमा रवि लामिछाने हुने र आगामी फागुन २१ मा हुने निर्वाचनपछिको प्रधानमन्त्रीमा बालेनलाई स्वीकार गर्ने सम्झौता अनुसार दुई समूह एकै ठाउँमा उभिएका हुन् । उनीहरूबीच भएको सो सहमतिमा 'राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधि सभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने' उल्लेख गरिएको छ।

दुई समूहबीच भएको सहमतिमा सभापति लामिछाने र प्रमुख शाहले हस्ताक्षर गरेपछि सार्वजनिक गरिएको सहमतिमा विवरणअनुसार नवयुवाले भ्रष्टाचार र कुशासनविरुद्ध गरेको आन्दोलनको अपनत्व लिई घाइते तथा सहिद परिवारका मागको यथोचित सम्बोधन गर्ने उल्लेख छ।

सोही विवरण अनुसार पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन हुने सहमति भएको छ। सहमतिपछि स्थापित हुने राजनीतिक दल, चुनाव चिह्न र पार्टी कार्यालय नाम राष्ट्रिय स्वतन्त्र पार्टीको नै हुने समेत उल्लेख गरिएको छ।

**यस्ता छन् सहमतिका बुँदाः**

१. नवयुवाहरूले भ्रष्टाचार र कुशासन विरुद्ध गरेको आन्दोलनको अपनत्व लिई, घाइते तथा शहिद परिवारका मागहरूको यथोचित सम्बोधन गर्ने प्रतिबद्धता जनाउने,

२. समुन्नति र सामाजिक न्यायका राष्ट्रिय उद्देश्यहरूका लागि गरिनु पर्ने गहिरा नीतिगत, संस्थागत एवं संरचनात्मक सुधारहरू मार्फत आर्थिकफ-सामाजिक उन्नयन र सुसंस्कृत राजनीतिक अभ्यासको जगमा अर्को दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम-आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमान्दार कार्यान्वयनप्रति समर्पित हुने,

३. पहिलो पक्ष र दोश्रो पक्षबीच बृहत् एकता भए पश्चात् स्थापित हुने राजनीतिक दलको नाम 'राष्ट्रिय स्वतन्त्र पार्टी, दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति, दलको चुनाव चिन्ह 'घण्टी र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने,

४. राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधि सभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने,

५. बृहत् एकता पश्चात् पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन युवा अभियन्ता एवं अनुभवी विज्ञहरूलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने,

६. आसन्न आमनिर्वाचन लगत्तै यस सम्झौता बमोजिम राष्ट्रिय स्वतन्त्र पार्टी सम्बन्धी दस्तावेज निर्वाचन आयोगमा अद्यावधिक गर्ने,

७. राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नेतृत्व र चुनाव चिन्ह 'घण्टी' मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्धा अघि बढाउन अन्य सुसंस्कृत एवं परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरूलाई आव्हान गर्ने ।

# नेपाललाई 'युक्रेन बनाउने' षड्यन्त्र हुँदैछ : महासचिव पोखरेल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का महासचिव शंखर पोखरेलले नेपाललाई युक्रेनजस्तै अस्थिर बनाउने दोस्रो चरणको षड्यन्त्र सुरु भएको उल्लेख गरेका छन् ।

पहिलो चरणमा गत भदौ २३ र २४ गतेको घटना भूराजनीतिक द्वन्द्वको गोटी बनाएर नेपाललाई युक्रेनजस्तै अस्थिर बनाउने शक्तिहरूले नै अब दोस्रो चरणको षड्यन्त्र थालेको ठोकुवा महासचिव पोखरेलले गरेका हुन् । हालै सामाजिक सञ्जाल फेसबुकमा उल्लेख गरिएको उनको स्ट्याटसमा भनिएको छ 'भाद्र २३ र २४ गतेको घटना भूराजनीतिक द्वन्द्वको गोटी बनाएर नेपाललाई युक्रेनजस्तै अस्थिर बनाउने षड्यन्त्रको पहिलो चरण थियो। अब सोही षड्यन्त्रको दोस्रो चरणको तयारी पनि सुरु हुँदैछ। यस्तो गम्भीर अवस्थामा संविधान र लोकतन्त्रका पक्षधर देशभक्त शक्तिहरू सचेत र एकजुट हुन आवश्यक छ।'

नेपाललाई भूराजनीतिक द्वन्द्वको गोटी बन्नबाट जोगाउन सबैले जिम्मेवार र सक्रिय भूमिका खेल्नुपर्ने आग्रह गर्दै महासचिव पोखरेलले भाद्र २३ गते नवयुवाहरूले गरेको शान्तिपूर्ण प्रदर्शनलाई योजनाबद्ध रूपमा मुठभेडमा परिणत गरी केही युवाको हत्या गरिएको त्यसको आडमा भदौ २४ गते मुलुकको अस्मिता र सामर्थ्य कमजोर बनाउने उद्देश्यले राज्य र लोकतन्त्रका आधार स्तम्भमाथि आक्रमण गरिएको समेत आरोप लगाएका छन्। यी विध्वंसकारी गतिविधिका योजनाकार र सञ्चालक को थिए भन्ने कुरा अहिले क्रमशः खुल्दै हुँदै गएको समेत महासचिव पोखरेलले दावी गरेका छन्।

# तीन दिनदेखि अवरुद्ध दाउन्ने सडक खण्ड अझै सहज भएन

**काठमाडौं ।** गत सोमबारदेखि अवरुद्ध रहेको नवलपरास्थित नारायणगढ-बुटवल सडकखण्डअन्तर्गत दाउन्ने क्षेत्र अझै सहज हुन सकेको छैन। शीतलहरले दाउन्ने सडक चिप्लो हुँदा सवारीसाधन सञ्चालन हुन नसकेर अवरुद्ध भएको सडक अझ सहज हुन नसकेको हो।

जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रहरी उपरीक्षक युवराज खड्काले दाउन्नेको खुर्सानी खोला आसपासको सडकमा सवारीसाधन चिप्लिने र उकालो चढ्न नसक्ने समस्या देखिएपछि सोमबार बिहानदेखि यो खण्ड अस्तव्यस्त बनेको जानकारी दिए। 'अहिलेको समस्या दाउन्नेको पश्चिम खण्डमा शीतलहरका कारण सडक चिप्लो र हिलो हुँदा सवारीसाधन उकालो चढ्न तथा ओरालो झर्न नसकेर सडक अवरुद्ध भएको हो' उनले भने 'विस्तारै सवारी पास गराउने काम भइरहेको छ, तर तीन दिनदेखि रोकिएका सवारीसाधन व्यवस्थापन गर्न कठिन भइरहेको छ।'

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का सूचना अधिकारी प्रहरी वरिष्ठ नायब निरीक्षक विनोद जोशीले दाउन्नेमा बाक्लो हुस्सु र चिप्लो सडकका कारण सवारीसाधन सञ्चालनमा अत्यधिक कठिनाइ भइरहेको जानकारी दिए। 'अहिले पनि दुम्कीवास बजारदेखि नै सवारीसाधनको जाम कायम रहेको छ' उनले भने 'सडक निर्माणका कारण एकतर्फी रहेको राजमार्गमा लामो समय सवारी जाम हुँदा सञ्चालन गराउन निकै समस्या भएको छ।'

नारायणगढ-बुटवल सडक योजना पश्चिम खण्डका सूचना अधिकारी इन्जिनियर विकास खनालले निर्माणाधीन क्षेत्रमा शीतलहरको प्रभाव कायम रहेकाले पश्चिम खण्डमा अझ धेरै सवारी चाप रहेको बताए। 'हाल खुर्सानी खोला क्षेत्रमा ग्राभेल हाल्ने काम भइरहेको र अवस्था सहज नहुँदासम्म मालवाहक सवारीसाधनलाई बर्दघाट र भुताहा क्षेत्रमा रोकेर राखिएको छ' उनले भने।

सवारी जामका कारण सयौं यात्रु अलपत्र परेपछि नारायणगढ-बुटवल सडक योजना (पश्चिम खण्ड)ले सूचना जारी गर्दै अत्यावश्यकबाहेकका सवारीसाधनलाई वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरेको छ। दाउन्ने खण्डमा एकातिर सडक निर्माण र मर्मतको काम, अर्कोतिर शीतलहरले सडक हिलाम्य बनेपछि सवारीसाधन सञ्चालनमा गम्भीर समस्या देखिएको आयोजनाले जनाएको छ।

# शीतलहरको कहरमा कञ्चनपुरका वादी समुदाय

**काठमाडौं ।** तराई क्षेत्रमा बढेको अत्याधिक शीतलहर र कठ्याङ्ग्र्याउँदो चिसोले कञ्चनपुरस्थित कृष्णपुर नगरपालिका-२, गुन्यालफाँटास्थित वादी बस्तीको जनजीवन निकै कष्टकर बनेको छ। चिसो ह्वात्तै बढेपछि चरम आर्थिक अभाव र न्यून स्रोत-साधनका बीच गुजारा गरिरहेका स्थानीय ६४ घरधुरीका वादी समुदाय यतिबेला ओढ्ने-ओछ्याउने तातो कपडाको अभावमा पुसको जाडोमा थुरथुर काँप्दै रात कटाउन बाध्य छन्।

विगत दुई सातादेखि सूर्यको प्रकाश नदेखिएको त्यस क्षेत्रमा बाक्लो कुहिरो र चिसो हावाका कारण बस्तीका बालबालिका तथा वृद्धवृद्धा बिरामी पर्न थालेका छन्। स्थानीय दत्त कुमालका अनुसार चिसोकै कारण खोकी, छातीको सङ्क्रमण, श्वासप्रश्वासमा समस्या र हातखुट्टाका जोर्नी दुख्ने बिरामीको सङ्ख्या घरैपिच्छे बढ्दो छ। 'घाम नलागेको धेरै भइसक्यो, घरभित्र चिसोको सिरेटो छिरेर सुत्न सकिँदैन, नानीबाबुहरू बिरामी पर्न थाले, तर ओढ्ने कपडा छैन', उनले पीडा गुनासो पोखे 'चिसो छल्नका लागि सामुदायिक वनबाट ल्याइएको दाउरा सिद्धिएको साता नै बित्नै लाग्यो।' बस्तीका रत्ना वादीका अनुसार दाउरा बाल्दा सुत्ने ठाउँ तातो हुन्थ्यो। उनले भने 'त्यसकै आधारमा रात कटाउन पाएका थियौं, दाउरा सिद्धिएपछि चिसोमै रातकाट्नु परेको छ, जीउ जोगाउन मुस्किल भइसकेको छ।' विपन्नताका कारण नयाँ लुगा किन्न नसकेपछि कतिपय परिवारले छिमेकी गाउँका मानिससँग पुराना र फाटेका कपडा मागेर शरीर तताउने प्रयास गरिरहेका छन्।

वादी बस्तीका अधिकांश युवा र वयस्क पुरुष मजदुरीका लागि छिमेकी मुलुक भारतका विभिन्न सहरमा जाने गरेका छन्। तर, भारतमा गरिने कठोर श्रमबाट आउने पारिश्रमिकले परिवारको दैनिक छाक टार्नसमेत हम्मे-हम्मे पर्ने गरेको छ। केशव कुमालका अनुसार घरको एउटा सदस्यको कमाइले श्रीमती र छोराछोरीको आधारभूत आवश्यकता पूरा गर्नै सकिँदैन, जसका कारण घरमा रहेका वृद्ध आमाबुबाका लागि न्यानो ओढ्नेढ्-ओछ्याउने लुगा र पोषिलो खानाको प्रबन्ध गर्न असम्भव भएको छ। पटक-पटकको प्राकृतिक प्रकोप र मौसमी प्रतिकूलताको मारमा पर्ने यो सीमान्तकृत समुदायले अहिले स्थानीय सरकार तथा दातृ निकायको मुख ताकिरहेको छ।

# शीतलहरसँगै चिसोले सुदूरपश्चिमको जनजीवन कष्टकर

**काठमाडौं ।** केही दिनदेखि कुहिरो र हुस्सुसँगै लगातार चलेको शीतलहरले कैलालीसहित सुदूरपश्चिमका जिल्लाको जनजीवन कष्टकर बनेको छ। दिनभरि लाग्ने बाक्लो हुस्सु र कुहिरोसँगैको शीतलहरले कठ्याङ्ग्रिने जाडो बढेपछि जनजीवन कष्टकर बनेको हो। लगातारको हुस्सुका कारण केही दिनदेखि कैलाली र कञ्चनपुरमा घाम देखिनै पाएको छैन।

बर्सेनि तराईका जिल्लामा देखिने शीतलहरको समस्याले जनजीवन नराम्रोसँग प्रभावित हुने गरेको छ। चिसोका कारण जाडोको सामना गरिरहेका अधिकांश सर्वसाधारणलाई आगो ताप्न दाउराको समस्या भएको छ। चिसो बढेपछि धनगढी उपमहानगरपालिका, डिभिजन वन कार्यालय र सशस्त्र प्रहरी बलको संयुक्त प्रयासमा धनगढी बजारका कतिपय चोकमा निःशुल्क दाउरा वितरण गरिएको छ। शीतलहरले मजदुर, विद्यालय जाने बालबालिका तथा वृद्धवृद्धालाई बढी असर पुगेको छ। कैलालीको अत्तरियास्थित जल तथा मौसम विज्ञान विभागको महाकाली बेसिन फिल्ड कार्यालयका प्रमुख सञ्जय साहले शीतलहरसँगै धनगढीको अधिकतम तापक्रम र न्यूनतम तापक्रमको अन्तर घट्दै गएको जानकारी दिए। चिसो बढ्दै जाँदा धनगढीमा अधिकतम तापक्रम १३ दशमलव तीन डिग्री सेल्सियस र न्यूनतम तापक्रम ११ डिग्री सेल्सियसमा पुगेको छ। 'अधिकतम तापक्रम र न्यूनतम तापक्रमको अन्तर घट्दै जाँदा जाडो बढेको हो, अझै केही दिन शीतलहर कायम रहने पूर्वानुमान छ' उनले भने।

शीतलहरले कारण आलु, तोरी लगायतको हिँउदे बालीमा डढुवा रोगको समस्या देखिन थालेको स्थानीय किसानले बताए। डढुवा रोगको संक्रमणबाट बालीलाई जोगाउन किसानले ढुसी नाशक विषादी छर्किन थालेका छन्। निरन्तरको चिसोका कारण रातिको तापक्रम तीन डिग्री सेल्सियसभन्दा तल जाने र आद्रता बढ्न गई शीत पर्ने तथा चिसो मौसमको सुषुप्त अवस्थामा रहने ढुसी सक्रिय हुनगई आलु, गोलभेँडा लगायतको बोटमा डढुवाको संक्रमण देखिने गरेको कृषि प्रविधिकको भनाइ छ।

## समग्र राजनीतिकै...

तपाईंको । अनि बाँड्ने हो । अर्कोतिर आफूलाई कम्युनिस्ट, साम्यवादको नाउँमा सबैलाई तुरुन्तै बराबर गर्दिन्छु भन्ने अनि सम्भव हुँदैन, आफूचाहिँ चोरी-चोरी ठूलो भाँडोमा खाने, अनि अरुलाई पुगेन भनेर भन्ने जुन एउटा प्रवृत्ति छ, ठग प्रवृत्ति, त्यो कम्युनिस्ट प्रवृत्ति पनि टिक्दैन । हो, त्यसको विकल्पमा यो धार हो । यो अबको विकसित धार । त्यो ठिक र बेठिक दुई धार हुन्छ । ठिक र बेठिक मिसिएको मध्यममार्गी भनेको एउटा अवसरवादी सारसंग्रहवादी धार हुन्छ । र मैले भन्न खोजेको त्यो भन्दा अगाडि बढेको ।

एउटा व्यक्तिको निजी स्वतन्त्रतालाई प्रधानता दिने । समाजको चालक शक्ति के हो भन्नेचाहिँ व्यक्तिको निजी इच्छा-आकांक्षा, स्वार्थ नै मुख्य हो । त्यसलाई छोडिदिएपछि त्यसैले विकास ल्याउँछ, सामाजिक-आर्थिक, सामाजिक सबै भन्ने एउटा उदारवादी दार्शनिक धार हो । एउटा, राजनीतिक धार हो, जसलाई कांग्रेस र अहिले आफूलाई मध्य-दक्षिण भन्ने त्यो नयाँ बनेर आएका शक्तिहरू छन्, तिनको धार त्यो हो । अर्को भनेको मान्छे त्यतिमात्रै होइन, मान्छेमा निजी स्वतन्त्रता, निजत्व भन्ने पनि हुन्छ, तर सँगसँगै मान्छे जन्मदेखि सामाजिक प्राणी हो । बाबु र आमा भएर नै सन्तान जन्मिन्छ । अनि त्यसपछि त्यो सातमा, आठ महिना, नौ महिना जन्मेको बच्चालाई आमाले दुध नखुवाउने हो भने र बाबुले साथ नदिने हो भने, त्यो बच्चा त हुर्किंदै हुर्किंदैन ।

त्यसैले हामी परिवार, समाज, राज्य आदि गरेर हामी सामाजिक हौं । प्रत्येक मान्छे समाजमा मात्रै बाँच्छ । यस अर्थमा मान्छेको निजत्व पनि हुन्छ, सामाजिकता पनि हुन्छ । त्यसैले कम्युनिस्टहरूले वर्गको नाउँमा निजत्वलाई छोडिदिने, अरु पहिचान छोडिदिने गरे र त्यो दुर्घटनामा पुगे । कांग्रेस र दक्षिणपन्थी भन्ने शक्तिहरूले चाहिँ व्यक्तिको निजी स्वतन्त्रता र उसको निजी स्वार्थ हो, त्यही प्रधान हो भन्दाभन्दै त उनीहरूले बहुसंख्यक जनतालाई गरिब बनाउने, असमान बनाउने, विभेद गर्ने गरेर जुन संकटमा परे, त्यो पनि दिगो छैन ।

हामीले अगाडि सार्न खोजेको विचार भनेको व्यक्तिको निजत्व र उसको सामाजिकता, सामूहिकता, यी दुवैको ठिक सन्तुलन मिलाएर अगाडि बढ्ने विचार-दर्शन, यो विचार-दर्शनको हकमा त्यो र त्यही अनुसारको हाम्रो अर्थनीति, निजी क्षेत्रलाई पनि र राज्य क्षेत्रको पनि, समुदायको क्षेत्रको पनि भूमिका हुने कुरा र सामाजिक हिसाबले पनि हामीले वर्ग, व्यक्तिमात्रै होइन, जाति, क्षेत्र, लिङ्ग, समुदाय, यिनीहरूको पनि अधिकारको कुरा गर्ने भनेर यस अर्थमा हामीले त्यो विकसित विचार निर्माण गर्न खोजेको हो ।

अब पुँजीवाद पछि समाजवाद भन्ने नै हो । तर हाम्रा कम्युनिस्ट भन्ने साथीहरू जो कमाउनिस्ट हुनुभएको छ, भन्नचाहिँ कम्युनिस्ट भन्नुहुन्छ, उहाँहरूले फेरि समाजवाद भन्नुहुन्छ । त्यो नेकपाको समाजवाद भित्र त राखेको, फेरि समाजवादी भन्न थाल्नुभयो । अनि मान्छेले त्यो कम्युनिस्ट र समाजवाद भनेको फरक भन्ने नि जनतालाई बुझ्न गाह्रो भो । त्यसो भएर अहिले हामीले पार्टीको नाममा समाजवाद भन्नुभन्दा पनि गुदी तत्त्व भनेको चाहिँ प्रगतिशीलता हो, निरन्तर गति र परिवर्तनमा हो र लोकतन्त्र हो । लोकतन्त्र भनेको निरन्तर विकसित हुँदै जाने चीज हो । उन्नत ढंगले हुँदै जाने कुरा हो ।

त्यसैले प्रगतिशीलता कन्टेन्टमा, गुदीमा, एजेन्डामा, राजनीतिमा, अर्थनीतिमा, विचारमा, संस्कृतिमा, संस्कारमा, शैलीमा त्यो प्रगतिशील हुनुपर्‍यो । र, त्यसको रूप पक्ष, सार पक्ष त्यो हुनुपर्‍यो, रूप पक्ष डेमोक्रेटिक हुनुपर्‍यो । प्रत्यक्ष जनताबाट निर्वाचित हुने, खुलापन हुने लगायतका जुन आधुनिक लोकतन्त्रका मान्यता छन्, त्यसलाई विकसित गर्दै जाने हुनुपर्‍यो भन्ने अर्थमा हामीले प्रगतिशील लोकतन्त्र भनिएको हो ।

यो सजिलो शब्द छ, तर यसको गहिराइ धेरै छ । यसलाई नै बुझेर हामीले त्यो नयाँ धार हामीले विकास गर्नुपर्छ । र विश्वमा नि यो विषयको बहस छ । त्यसैले हामीले अर्को एकथान पार्टीमात्र बनाएको होइन, कांग्रेसबाट रुष्ट भएका मान्छे यता आउने, कम्युनिस्टबाट रुष्ट भएका आउने ठाउँमात्र पनि होइन । त्योभन्दा विकसित, तिनीहरूबाट भन्दा अगाडि बढेको चेतना भएका मान्छे यहाँ आउने हो । त्यो मुख्य रूपमा जेनजीका साथीहरू धेरैभन्दा धेरै सहभागी बन्नुहोस् । तपाईंहरूको जुन क्लिन प्लेट छ, स्लेट छ, त्यहाँ लेख्न सजिलो हुन्छ नि । क्लिन स्लेटमा लेख्न सजिलो हुन्छ, तर अरुले लेखेको स्लेटमा फेरि मेटाएर लेख्दा खेरि त्यो खजमजिन्छ, अस्पष्ट हुन्छ, झन् ढिलो हुन्छ । त्यसैले अब खराब कुरा होइन, राम्रा कुरा सिक्ने, सिकाउने र यो संगठन हाँक्ने ढंगले तपाईंहरू आउनुहोस् । पुराना साथीहरूको अनुभव पनि चाहिन्छ । फेरि राजनीति भनेको व्यवहार गरेर पनि सिक्ने हो ।

मार्क्सको एउटा प्रसिद्ध भनाइ छ, संसारको व्याख्या गर्नेमात्र होइन, मुख्य कुरा बदल्ने हो भन्छन् उनीहरूले । त्यसैले व्याख्या अनेक ढंगले गर्न सकिन्छ तर त्यो ठिक कि बेठिक भन्ने छुट्ट्याउने दुनियाँ बदल्न सकियो कि सकिएन भन्ने आधारले नै हो । त्यो विचार ठिक हो कि होइन, नीति ठिक हो कि होइन भन्ने टुंगो हुन्छ । त्यसैले त्यो कुरा प्रयोग गर्ने भनेको फेरि पार्टीमार्फत नै हो । त्यो भनेको जनताको बिचमा गएर नै हो, संघर्ष गरेर नै हो । त्यसै भएको हुनाले तपाईंहरू निर्धक्कका साथ आउनुहोस् भन्ने मेरो आग्रह छ । र मैले यो वचन दिएको छु, खासगरी पुराना साथीहरूले ख्याल गर्नुहोला, उहाँहरू त्यो रिजर्भेसनसहित जो आउँदै हुनुहुन्छ । तपाईंहरूले यहीँ आएर बढी भूमिका खेल्न सक्नुहुन्छ, यो पार्टीलाई बदल्न सक्नुहुन्छ । बदलिएन भने त बदल्ने हो नि त । संघर्ष गर्ने, विद्रोह गर्ने हो । मैले पहिले विद्रोह गरेँ, अहिले जनार्दनजीहरूले, कार्कीजीहरूले गर्नुभयो, सन्तोषजीहरूले, हाम्रो सुदनजीहरूले गरिराख्नुभएको छ । त्यो त विद्रोह हो नि । त्यो विद्रोह गर्ने अधिकार त तपाईंलाई सधैँ हुन्छ ।

त्यसैले यसलाई रूपान्तरण बनाउने, रूपान्तरण गर्ने, कथंकदाचित भयो भने विद्रोह गर्ने, त्योभन्दा अगाडि राम्रो बनाउने । त्यस अर्थमा आउनुहोस् भन्ने मेरो आग्रह छ । अन्त्यमा तपाईंहरूलाई आग्रह के छ भने, यो पार्टी हामीले बनाउनुपर्छ, नत्र देश सहज अवस्थामा छैन । म तपाईंहरूको सद्भावले प्रधानमन्त्री बनिसकेको मान्छे, मैले जे जति सूचना प्राप्त गरिरहेको छु, अहिलेसम्म भदौ २४ को यता हेर्नुभयो भने दुई, अढाई महिना हुन थालिसक्यो, यो न अघि न पछि, यो भिरको चिचिण्डोजस्तो न तलबाट टिप्न सकिन्छ, न माथिबाट टिप्न सकिन्छ । त्यस्तो अवस्थामा देश छ । त्यसैले एक त लोकतन्त्र धरापमा छ । त्योमात्रै होइन, जुन जटिल भूराजनीति छ, त्रिपक्षीय साँढेहरूको तानातान यहाँनेर छ । त्यसलाई ठिक ढंगले सन्तुलित मिलाउन सकिएन, जानिएन, हाम्रो ढंग पुगेन, बुझिएन भने तिनले पनि खेलिदिने गर्छन् । अनि देशभित्र अहिले अत्यन्तै संवेदनशील अवस्था छ, यी दुई वटाको एकफल स्वरूप देश गम्भीर दुर्घटनामा जाने खतरा अहिले पनि छ ।

मैले तपाईंहरूलाई बढाईचढाई भनेको होइन, यो सत्य कुरा मैले भनिरहेको छु । त्यसै भएर यसलाई मध्यनजर गर्दै हामीले सतर्कतापूर्वक अगाडि बढ्नुपर्छ । हाम्रो बाआमाहरूले खुरुक्क काम गर्नुहुन्छ, मेहनत गर्नुहुन्छ, एउटा उमेर पार गरेपछि सक्नुहुन्न, बिरामी हुनुहुन्छ, रोग लाग्छ र उहाँको पनि अन्त्य हुन्छ भनेर त हामीले बुझेकै छौं नि । त्यसैले नेताहरूलाई पनि, पार्टीहरूलाई पनि स्वतः रोग लाग्छ । पुराना साथीहरूले कोसिस गर्नुभयो, तर हुँदैन भन्ने चेतसहित जो तपाईंहरू आउनुभएको छ, त्यो चेत, विद्रोहको चेत, यो नयाँ युवा साथीहरूको नयाँ केही गरौं भन्ने हुटहुटी, यो दुइटा मिलायो भने बल्ल देशले विकल्प पाउँछ । त्यसो नगरेसम्म ठिक ट्र्याकमा आउँदैन, जनतालाई बुझाउनु पनि त पर्‍यो ।

अब चुनाव गर्नुपर्छ, चुनाव गरिएन भने झन् संविधान नै दुर्घटनामा पर्छ । एउटा पाटो त त्यो हो । तर यही अवस्थामा यिनीहरूले चुनाव गराउँछन् ? यिनीहरूको जुन गलत नियत छ, जुन ढंगको चलखेल छ यहाँ, यदि तपाईंले सतर्कता देखाउन सक्नुभएन भने विभिन्न बहानामा यो टर्दै गएर दुर्घटनातिर जान पनि सक्छ ।

एउटा त्यसको निम्ति शक्ति चाहिन्छ । अर्को, चुनाव भइसकेपछि यदि यो बलियो शक्ति, यो पुराना साँढेहरूलाई पार लगाउने शक्ति निर्माण हुन सकेन भने चुनाव भएपछि के हुन्छ ? फेरि तिनै आउँछन् । जनताको चेतना त्यस्तै छ नि त । उहाँहरूले राम्रो नराम्रो भन्नुहुन्छ, मलाई नि भन्नुहुन्छ, बाबुराम त राम्रो, असाध्यै राम्रो मान्छे, तर के गर्नुहुन्छ ? पार्टी सानो छ, जित्न गाह्रो छ, अब भोटचाहिँ दिन सकिएन भन्नुहुन्छ बिचरा । शक्ति बलियो छैन भन्ने साइकोलोजी त हुन्छ नि सबैको । त्यसैले हामीले दबाब दिएर यो संकटबाट देशलाई निकास दिन शक्ति आर्जन गर्ने कुरा, निरन्तर गतिशील बनेर खबरदारी गर्ने कुरा, शक्ति आर्जन गरेर, संगठन आर्जन गरेर, जनकार्य गरेर, जनताको मन जितेर निर्वाचनमा विजय हासिल गरेर सरकारको नेतृत्व गर्ने अनि त्यसबाट आफ्नो नीति लागू गर्ने । हो यो ढंगले तपाईंहरू जानुपर्छ, त्यो सम्भव छ ।

मैले देखेको छु किनभने ५० सालमा सानो एउटा ९ सिटे पार्टी थियो, हामीले माओवादी जनयुद्ध सुरु गर्नु अगाडि । त्यो पार्टीको बेलामा पनि म सक्रिय थिएँ । जनार्दनजीहरू त्यतिबेला चुनावमा उठ्नुभएको थियो । हामी त्यतिबेला हुँदै कांग्रेस, एमाले भन्दा डबल ठूलो पार्टी बनाएर त्यहाँ पुगाएर फेरि जिरोबाट सुरु गरेर आएको मान्छे होइन ? त्यसले गर्दा विचार सही भयो, नेतृत्व सही भयो, संगठन सही बन्यो र जनतासँग सहकार्य गर्ने र तपाईंहरूको संस्कार र संस्कृति, एउटा नैतिक मूल्यवान रह्यो भने पार्टी बन्छ, जनताले साथ दिन्छ, हामी विकल्प बन्न सक्छौँ । त्यसैले तपाईंहरूलाई यही म शुभकामना दिँदै, यसैको निम्ति लाग्न तपाईंहरूलाई अभिप्रेरित गर्दै, म हमेसा तपाईंहरूको साथमा रहनेछु, नजिक रहनेछु, तपाईंहरूलाई सल्लाह सुझाव दिइराख्नेछु, गलत बाटो लिनुभयो भने खबरदारी पनि गरिराख्नेछु । यो प्रगतिशील लोकतान्त्रिक पार्टी देशको साँचो विकल्प बनोस्, यही आग्रहका साथ, शुभकामनासहित म बिदा हुन्छु, धन्यवाद ।

(डा. भट्टराईले हालै राजधानीमा गरेको एक सम्बोधनको सम्पादित अंश)



## आत्मसमीक्षा गर्न...

प्रक्रियाका रूपमा लिनुपर्ने धारणा व्यक्त गर्दै संयोजक दाहालले भने ‘युवापुस्ता ‘जेन-जी’ प्रदर्शनपछि हामीले राष्ट्रिय सहमति र राष्ट्रिय राजनीति एकतामा जानुपर्छ भनेको थियौं । सर्वपक्षीय सहमति गर्ने वातावरण क्रमशः बन्न थालेको छ ।’

संयोजक दाहालले वर्तमान सरकारले चुनौतीपूर्ण परिस्थितिमा समेत निर्वाचनको वातावरण बनाउन सफल भएको बताए । के हुन्छ भन्ने अन्योललाई त्यागेर निर्वाचन केन्द्रित हुनुपर्ने तर्फ औंल्याउँदै संयोजक दाहालले सरकारले अप्ठेरोबीच पनि विकल्प निर्वाचन नै हो भन्ने वातावरण बनाउँदै गएको टिप्पणी गरे ।

राजनीति स्थायित्वसँगै आर्थिक समृद्धि निजी क्षेत्रको सक्रियता बिना सम्भव नहुने तर्क व्यक्त गर्दै उनले निजी क्षेत्रलाई संरक्षण र प्रोत्साहन गरिएन भने विकास र समृद्धि सम्भव नहुने उल्लेख गरे । ‘निजी क्षेत्रको प्रवर्द्धन नगरी अर्थतन्त्र उकास्ने सपना पूरा हुँदैन’ संयोजक दाहालको धारणा थियो । उनले राज्य, निजी क्षेत्र र समुदायबीचको सहकार्यबाट मात्र रोजगार सिर्जना, लगानी विस्तार र उत्पादन वृद्धिबाट समृद्धि सम्भव हुने खुलस्त पारे ।

यसअघि सोमबार राजधानी काठमाडौंमै आयोजित एक अर्को कार्यक्रमलाई सम्बोधन गर्दै ‘जेन-जी’ पुस्ताको प्रदर्शनपछिको अवस्थामा देशको उत्तम विकल्प निर्वाचन नै भएको उल्लेख गरे । बानेश्वर बहुमुखी क्याम्पसमा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले शिक्षा, स्वास्थ्य र रोजगारी राज्यको दायित्वभित्र पर्ने भएकाले त्यस क्षेत्रको सुधार अपरिहार्य भएको बताए ।

संयोजक दाहालले शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने आफ्नो चाहना रहेको उल्लेख गर्दै उनले त्यसका लागि सामुदायिक शिक्षा र स्वास्थ्यको गुणस्तर वृद्धिमा आफ्नो साथ रहने स्पष्ट पारे ।

संकटमा परेको राष्ट्रलाई सबै मिलेर निकास दिनुपर्नेमा जोड दिँदै संयोजक दाहालले राज्यलाई अराजकताबाट जोगाएर अघि बढाउने जिम्मेवारी युवापुस्ताको काँधमा आएको उल्लेख गरे । ‘जेन-जी’ पुस्ताको प्रदर्शनले युवापुस्ताको सक्रिय सहभागिताले देशको शासन प्रणाली र समग्र परिस्थितिबारे नवयुवाहरू सचेत र जिम्मेवारीपूर्ण ढंगले आन्दोलित हुन चाहेको स्पष्ट भएको धारणा व्यक्त गरे ।

कार्यक्रममा उनले नयाँ पुस्ता राजनीतिप्रति रुचि राख्दैन भन्ने भ्रमलाई पछिल्लो घटना क्रमले गलत साबित गरिदिएको चर्चा गर्दै उनले नवयुवाहरू सचेत र जिम्मेवारीपूर्ण ढंगले आन्दोलित हुने चाहेको टिप्पणी समेत गरे । युवाहरूलाई शान्तिपूर्ण र लोकतान्त्रिक प्रक्रियामार्फत नै देशलाई निकास दिनुपर्ने उनको आग्रह थियो ।

## एमाले-कांग्रेस...

गरिनु स्वाभाविक हुने बताउँछन् । ‘यो राजनीतिक प्रणालीमा संकट आयो भने त्यसलाई जोगाउन प्रमुख दलबीच सहकार्य हुनुपर्छ’ भन्दै एमाले सचिव भानुभक्त ढकालले भयरहित वातावरणमा स्वस्थ प्रतिस्पर्धा हुने अवस्थामा एमालेले कसैसँग गठबन्धन नगरी चुनावमा जाने दावी गरे ।

अहिले राजनीतिक दलहरूले स्वतन्त्र ढंगले कार्यक्रम गर्ने अवस्था नरहेकोतर्फ औंल्याउँदै एमाले महासचिव शंकर पोखरेलले प्रमुख राजनीतिक दलहरूले चुनावी गठबन्धनका बारेमा छलफल गर्नुभन्दा पनि संविधनलाई सही मार्गमा ल्याउन तल्लिन हुनुपर्नेमा जोड दिए । चुनावकै टुंगो नगाली कांग्रेस वा अन्य दलसँग गठबन्धन गर्ने भन्ने विषय सान्दर्भिक नहुने उनको धारणा थियो ।

ओलीनिकट एक नेताकाअनुसार राष्ट्रिसभामा एमालेसँग गठबन्धन गर्ने पक्षमा रहेका कांग्रेस सभापति देउवाले आगामी फागुनमा हुने प्रतिनिधिसभामा गठबन्धन गर्ने विषयमा प्रष्ट जवाफ दिएका छैनन् । प्रतिनिधिसभामा गठबन्धन गर्ने विषयमा कांग्रेसभित्रको अर्को समूह नेता शेखर र महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माहरूले फरक मत राखिरहँदा सभापति देउवाले स्पष्ट निर्णय दिन नसकेको ती नेताले बताए ।

चुनावी गठबन्धन पार्टीको नीति र नेता-कार्यकर्ताको भावनाविपरीत हुने भन्दै आएका शर्माले गठबन्धन शब्द नै नागरिकले नरुचाएको र संघर्षमा बाहेक सत्तामा गठबन्धनमार्फत अपेक्षित परिणाम दिन नसकेको बताउँछन् ।

शेखर, गगन र शर्मासँग फरक मत प्रस्तुत गर्दै अर्का नेता एनपी साउदले अन्य दलमा हुने ध्रुवीकरणलाई हेरेर पार्टी निर्णय लिनुपर्ने बताए । महासमितिको निर्णयअनुसर आफ्नै बलमा चुनाव लड्नुपर्ने भए पनि एक्लै लड्दा लाभ हुन्छ कि गठबन्धन गर्दा भन्ने विषय सापेक्षताको सिद्धान्तका आधार निर्णय लिनुपर्ने उनको धारणा छ । निर्वाचनपूर्व गठबन्धन गर्दा नकारात्मक असर पर्ने बताएका नेता कोइरालाले सरकार बनाउने बेला गठबन्धन हुनु स्वाभाविक भए पनि चुनाव अगाडिको गठबन्धनले कसैलाई फाइदा नहुने बताउँछन् । ‘सभापतिले मात्रै गठबन्धन गरेर हुँदैन’ उनको भनाइ थियो । शीर्ष तहको सीमित निर्णयका आधारमा एमालेसँग सहकार्य भयो भने पार्टीका तल्लो तहका कार्यकर्ता र समर्थकमा विद्रोहको स्थिति आउने र त्यसले भनै चुनौती थपिने उनको बुझाइ छ ।

अध्यक्ष ओलीनिकट मानिएका एमाले उपाध्यक्ष रामबहादुर थापाले ‘मदन-आश्रित प्रतिष्ठान’ को कार्यक्रममा बोल्दै आगामी निर्वाचन जित्न लोकतान्त्रिक र वामपन्थी दलहरूबीच सहकार्य हुनुपर्ने बताए । मंगलबार ‘मदन-आश्रित प्रतिष्ठान’ को कार्यक्रममा उनले भने ‘चुनाव हुने अवस्थामा लोकतान्त्रिक र वामपन्थी दलले आधा-आधा सिट जित्नुपर्छ । समानुपातिकमा पनि लोकतान्त्रिक र वामपन्थीले आधा-आधा सिट जित्नुपर्छ ।’

आगामी राष्ट्रिय सभा निर्वाचनमा गठबन्धन गर्ने विषयमा कांग्रेस र एमाले दुवैले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सँग संवाद गरिरहेका छन् । नेकपाका एक नेताका अनुसार कांग्रेस र एमालेसँग आफूहरूको अनौपचारिक संवाद चलिरहेको छ । संवाद चुनावी गठबन्धन गर्नेभन्दा संविधानको रक्षा गर्ने विषयमा बढी केन्द्रित रहेको ती नेताले बताए ।

नेकपाका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रतिनिधिसभातर्फ प्रत्यक्ष उम्मेदवारी दर्ता गर्ने बेलासम्म गठबन्धन वा मोर्चाबन्दी गर्ने मनस्थिति बनाएको समेत ती नेताको भनाइ छ । यसअघि संयोजक दाहालले कांग्रेस सभापति देउवासँग सहकार्यबारे छलफल गरेको थिए ।

चुनावी गठबन्धनबारे अहिले केही नसोचेको नेकपाका नेता वर्षमान पुनले बताए । ‘जेन-जी’ प्रदर्शनपछि १७ दलसँग एकता गरेर नेकपा पार्टी राजनीतिक र सांगठनिक रूपमा बलियो हुँदै गएको नेता पुनको दावी थियो ।

राजनीतिकशास्त्रका प्राध्यापक कृष्ण पोखरेल कांग्रेस, एमाले र नेकपामध्ये कुनै दुई दलबीच गठबन्धन हुँदा मतदातामा नकारात्मक सन्देश जाने बताउँछन् । उनले विगतमा कांग्रेस-एमाले, एमाले-माओवादी गठबन्धन मुलुकका लागि प्रत्युत्पादक भएको जिकिर गरे ।

आगामी फागुन २० देखि राष्ट्रिय सभामा एमालेबाट ८, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट ८, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट तथा जनता समाजवादी पार्टीबाट एक/एक सिट एवं मनोनीत वामदेव गौतमसहितले बिदा पाउँदैछन् । राष्ट्रिय सभामा रिक्त हुन लागेका १९ सिटमध्ये १८ वटाका लागि आगामी माघ ११ मा निर्वाचन तथा एक सिट मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट मनोनयन गरिन्छ ।

अहिले राष्ट्रियसभामा १० सांसद रहेको एमालेले आसन्न राष्ट्रिय सभाको चुनाव जित्न नसके २ सिटमा खुम्चिनुपर्ने बाध्यताका कारण पनि एमालेलाई गठबन्धन गर्नुपर्ने दबाब बढी नै छ । एमालेले राष्ट्रियसभाको चुनावमा कांग्रेसलाई १० सिट दिने गरी अनौपचारिक प्रस्ताव राखेको नेताहरूको दावी छ । सभापति देउवासँग यसअघि १९ मंसिर र पुस ७ मा भएको भेटवार्तामा ओलीले गठबन्धनको विषय उठाएको पनि ती नेताहरूको भनाइ छ ।

# नेकपाको निर्णय : यसअघि सांसद वा मन्त्री नभएका मात्रै समानुपातिकमा

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले यसअघि सांसद र मन्त्री नभएका नेतालाई मात्रै प्रतिनिधिसभाको समानुपातिक सूचीमा राख्ने निर्णय गरेको छ ।

नेकपाका मुख्यसचिव गणेशमान पुनका अनुसार यसअघिका प्रतिनिधिसभामा प्रत्यक्ष वा समानुपातिकबाट सांसद नभएका तथा राष्ट्रियसभा सदस्य पनि नभएका नेतालाई मात्र समानुपातिक सूचीमा समावेश गरिने शीर्ष नेतृत्वबीच सहमति भएको जानकारी दिएका हुन् । भदौ २३ र २४ मा भएको ‘जेन-जी’ प्रदर्शनपछि बदलिएको राजनीतिक अवस्थालाई सही बाटोमा ल्याउनका लागि आगामी फागुन २१ मा हुने तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिकतर्फको बन्दसूची बुझाउने कार्यतालिका तयारी हुँदै गर्दा नेकपा सो निर्णय गरेको हो ।

निर्वाचन आयोगले दलहरूलाई आइतबर र सोमबार समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउन निर्देशन दिएको थियो । समानुपातिकतर्फको ११० सिटका लागि दलहरूले बन्दसूची पेस गर्नुपर्ने छ ।

# विविधतामा एकता नै नेपालको विशिष्ट पहिचान : प्रचण्ड

**काठमाडौं ।** राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दहालले संविधानले विविधतासहितको एकतालाई राष्ट्रिय मेरुदण्डका रूपमा आत्मसात गर्नुपर्नेमा जोड दिएका छन् ।

तमु (गुरुङ) समुदायले नयाँ वर्ष सुभारम्भको रूपमा विशेष महत्वका साथ मनाउने तम ल्होसारका अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले सो कुरा बताएका हुन् । अध्यक्ष दाहालले ल्होसारका सन्दर्भमा देश तथा विदेशमा रहेका तमु समुदायका साथै समस्त नेपाली आमाबुबा, दिदीबहिनी, दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै नेपाल विविध भाषा, संस्कृति, चाडपर्व र परम्पराका धनी भएको समेत बताएका छन् ।

‘हामी नेपाली विविध भाषा, संस्कृति, चाडपर्व र परम्पराका धनी छौं, यही विविधताले विश्वमा नेपालको विशिष्ट र अलग्गै पहिचान स्थापित भएको छ’ अध्यक्षले दाहालले भने ‘तमु ल्होसार पर्वले गुरुङ जातिको लोक संस्कृतिको संरक्षण र विकास गर्न विशिष्ट भूमिका खेलेको छ ।’ तमु लोसारजस्ता मौलिक चाडपर्वले नेपालीबीच सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकता मजबुत बनाउन महत्वपूर्ण भूमिका खेलेको उनको भनाइ थियो ।


## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं !

जाडो तथा चिसोको समयमाः

- मौसमी रूघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम निमोनिया, झाडापखाला, छाला सुख्खा हुने, जोर्नी दुखाइ, पिनास, टन्सिल, हृदयाघात, लगायतका स्वास्थ्य समस्या देखापर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्ला र न्याना कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खाने कुरा खाऔं र खुवाऔं ।
- शारीरिक व्यायाम गरौ, धुम्रपान/मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्य समस्या देखिए चिकित्सकको परामर्श लिऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं